राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ९५ २०८२ कात्तिक १९ गते बुधवार (5 Nov. 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## मन्त्रिपरिषद् बैठकका १३ निर्णय



दैनिक समाचारदाता

काठमाडौँ, १८ कात्तिक । सरकारले सोमबारको मन्त्रिपरिषद् बैठक मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गरेको छ । मङ्गलबार सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले पत्रकार सम्मेलन गर्नुहुँदै सोमबारको मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गर्नुभएको हो ।

सरकारका सम्बन्धित निकाय, छानबिन समिति र सुरक्षा निकाय एवं सरोकावाला पक्षबाट आएका विवरणको अध्ययन तथा विश्लेषणका आधारमा सरकारले उक्त घोषणा गरेको हो । जेनजी आन्दोलनका क्रममा ७६ जनाको मृत्यु भएको थियो । अन्य मृतकका हकमा थप अध्ययन-अनुसन्धान भइरहेको उहाँले बताउनुभयो ।

बैठकले स्विट्जरल्यान्डको जेनेभामा आगामी मङ्सिर १ देखि ३ गतेसम्म हुने नेपालको व्यापार नीतिको तेस्रो समीक्षा बैठकमा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रायका सचिव डा. रामप्रसाद घिमिरेलाई स्वीकृति प्रदान गरेको छ । खानेपानी मन्त्रालयका सचिव प्रमिलादेवी शाक्य बज्राचार्यलाई थाइल्यान्डको बैङ्कमा हुने उच्चस्तरीय खानेपानी सुरक्षा र अनुकूलनसम्बन्धी सम्मेलनमा आगामी मङ्सिर २२ देखि २६ गतेसम्म सहभागी हुन स्वीकृति दिइएको छ ।

मन्त्री खरेलका अनुसार बैठकले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत सञ्चालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, तराई मधेस समृद्धि कार्यक्रम र स्थानीय पूर्वाधार कार्यक्रम आयोजना समन्वय इकाइका लागि आर्थिक वर्ष २०८२/८३ मा अधिकृतस्तरका १० अस्थायी दरबन्दी स्वीकृत गरेको छ।

यसैगरी बैठकले अर्थ मन्त्रालय र अन्तर्गतका निकायको सङ्गठन संरचना र दरबन्दी स्वीकृत गरेको भने सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत विज्ञापन बोर्डका लागि यस आर्थिक वर्षमा अधिकृतस्तरका आठ अस्थायी दरबन्दी स्वीकृत गरेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतका निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न बैठकले पूर्वस्वीकृति दिएको छ। बैठकले दक्षिण कोरियाली नागरिक मिजिन लीलाई गैह्रकानुनी रुपमा नेपाल प्रवेश गरेको मितिदेखि निष्कासन गरेको समयसम्म प्रचलित कानुनअनुसार लाग्ने विलम्ब शुल्क र जरिवानाबापतको रकम मिनाहा गरी नेपालबाट प्रस्थान गराउन अनुमति दिएको छ । यसैगरी सर्वोच्च अदालतको आदेशबमोजिम पदममाया गुरुङलाई क्षतिपूर्तिबापत रु छ लाख तीन हजार छ सय उपलब्ध गराउने निर्णय गरिएको छ ।

## अध्यक्षमाथि प्रहरीको कुटपिट विरोधमा जनकपुर बजार बन्द




दैनिक समाचारदाता

जनकपुरधाम, १८ कात्तिक । जनकपुरधामका उद्योगी व्यवसायीले मंगलबार जनकपुर बजार बन्द गर्दै प्रदर्शन गरेका छन् । जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीलाई केही दिन अघि प्रहरीले कुटपिट गरी घाइते बनाएको घटनाको विरोधमा व्यवसायीले प्रदर्शन गरेका हुन् । गत असोज ३१ गते जनकपुरधामको एक सुन चाँदी पसलमा छापा मार्न गएका प्रहरीसँग सोधखोज गर्न गएका अध्यक्ष भण्डारीलाई प्रहरीले कुटपिट गरेपछि उहाँ घाइते हुनुहुन्छ । सोही घटनाको विरोधमा मंगलबार उद्योगी व्यवसायीले दोषीमाथि कारवाहीको माग गर्दै प्रदर्शन गरेको जनकपुरधाम उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष जितेन्द्र महासेठले बताउनुभयो । नगर क्षेत्रमा प्रदर्शन गरी जनकपुरधामको जनक चोकमा आयोजना गरेको कोणसभालाई सम्बोधन गर्दै जनकपुरधाम उद्योग वाणिज्य संघका पूर्व अध्यक्षले व्यापारीले राज्यलाई कर तिर्दा पनि सुरक्षाको अनुभूति नरहेको आत्ति जनाए ।

## जेनजी आन्दोलनमा भएको क्षतिबारे अख्तियारद्वारा पनि प्रहरीमा उजुरी

दैनिक समाचारदाता

काठमाडौँ, १८ कात्तिक । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि प्रहरीमा उजुरी दिएको छ। गत २३ र २४ भदौमा भएको आन्दोलनको क्षति विवरण सहित अख्तियारले जिल्ला प्रहरी परिसरमा उजुरी दिएको हो ।

जिल्ला प्रहरी परिसर, काठमाडौंका एसपी पवन भट्टराईले उजुरी प्राप्त भएको जानकारी दिए ।

अख्तियार स्रोतका अनुसार जेनजी आन्दोलनमा २४ करोड क्षति भएको दाबीसहित प्रहरीमा उजुरी दिइएको हो ।

आजै सर्वोच्च अदालत र काठमाडौं जिल्ला अदालतले प्रहरीमा जाहेरी दिएका थिए । जेनजी आन्दोलनको क्रममा भएको तोडफोड र आगजनीको घटना अनुसन्धान गर्न भन्दै जाहेरी परेको हो ।

## एमाले नेता पासाङ शेर्पा पक्राउ

दैनिक समाचारदाता

काठमाडौं, १८ कात्तिक । नेकपा एमालेका नेता पासाङ शेर्पा बहुविवाह मुद्दामा पक्राउ परेका छन् ।



काठमाडौं प्रहरी परिसरका प्रमुख एसएसपी रमेश थापाका अनुसार, उनी मंगलबार धुम्बाराहीबाट पक्राउ परेका हुन् । अदालतको फैसला कार्यान्वयन गर्न प्रहरीले उनलाई नियन्त्रणमा लिएको हो । उनीविरुद्ध बहुविवाहसम्बन्धी मुद्दामा १ वर्ष जेल र ५ हजार जरिवाना तोकिएको थियो ।

उनको उक्त मुद्दाबारे यसअघि बसेको एमाले सचिवालय बैठकमा पनि कुरा उठेको थियो । सचिव योगेश भट्टराईले सांस्कृतिक विचलनबारेको विषय उठाउँदै निलम्बन गर्नुपर्ने बताएका थिए ।

यद्यपि अध्यक्ष ओलीले भने यो विषय सामान्य भएको बताएका थिए । शेर्पालाई निलम्बन नगर्ने अडानमा ओली टसमस भएका थिएनन् ।

अशोक राईसँग छुटेर पछि उनी डा. बाबुराम भट्टराईको पार्टीमा लागेका थिए । पछि माओवादी केन्द्र हुँदै एमालेमै लागेका थिए ।



### स्वच्छ सहर: स्वस्थ शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समयसमयमा मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं, जथाभावी नफालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट बिरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाईमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदूषण कम गरौं,
- सडकको समयसमयमा मर्मत सम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

*शहरलाई सफा राखौं, सुन्दर बनाऔं!*

नेपाल सरकार
**विज्ञापन बोर्ड**


### अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# राजनीतिक शक्ति प्रदर्शन वा सामाजिक सेवा?

नेकपा (एमाले) ले भक्तपुरको गुण्डामा 'युथ भोलेन्टियर फोर्स' गठन गरेको घोषणाले राजनीतिक वृत्तमा नयाँ चर्चा सुरु गरेको छ। पार्टीका अध्यक्ष केपी शर्मा ओलीको उपस्थिति र युवा संघका अध्यक्ष महेश बस्नेतको नेतृत्वमा सार्वजनिक गरिएको यो अभियानलाई केहीले "संगठित युवा परिचालनको नयाँ प्रयोग" मानेका छन् भने अरूले "राजनीतिक शक्ति प्रदर्शन" का रूपमा व्याख्या गरेका छन्।

नेपालको राजनीतिक इतिहासमा यस्ता स्वघोषित फोर्स वा भोलिन्टियर समूहहरू पहिले पनि विभिन्न समयमा देखा परेका छन्। माओवादीकालीन जनमुक्ति सेना, कांग्रेसको तरुण दल, एमालेको पूर्व 'युथ फोर्स' आदि सबैको उद्देश्य युवा ऊर्जालाई संगठनात्मक कार्यमा प्रयोग गर्नु नै थियो। तर, तीमध्ये धेरैले सामाजिक सेवा भन्दा बढी राजनीतिक संघर्ष, प्रतिद्वन्द्वी पार्टीविरुद्ध प्रदर्शन र कहिलेकाहीँ हिंसात्मक गतिविधिका कारण विवादित इतिहास बोकेका छन्।

यस्तो पृष्ठभूमिमा एमालेको नयाँ 'युथ भोलेन्टियर फोर्स'ले आफूलाई कसरी प्रस्तुत गर्छ भन्ने कुरा महत्त्वपूर्ण हुनेछ। महेश बस्नेतले यसको आचारसंहिता तयार पारिएको र यो फोर्स अराजकताविरुद्ध काम गर्ने दाबी गरे पनि, राजनीतिक प्रतिस्पर्धाका बेला यस्तो संगठनले निष्पक्ष चरित्र कायम गर्न सक्ने वा नसक्ने भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्छ। युवालाई सामाजिक सेवा, विपद् व्यवस्थापन, जनसहभागिता र राष्ट्रनिर्माणमा लगाउन सकिन्छ, तर त्यसका लागि पारदर्शी उद्देश्य र गैरराजनीतिक संरचना चाहिन्छ।

नेपालका युवाहरूमा असिम शक्ति, सिर्जनात्मकता र राष्ट्रप्रेम छ। तर ती ऊर्जालाई राजनीतिक स्वार्थका लागि प्रयोग गर्नु दीर्घकालमा लोकतान्त्रिक मूल्यका लागि हानिकारक हुन सक्छ। 'युथ भोलेन्टियर फोर्स'ले यदि वास्तवमै समाजसेवा र अनुशासन निर्माणको दिशा लिन्छ भने त्यो स्वागतयोग्य कदम हुनेछ। तर यदि यसले राजनीतिक प्रतिस्पर्धा र शक्ति प्रदर्शनको रूप लिन्छ भने, त्यो देशको लोकतान्त्रिक संस्कृतिमा अर्को नकारात्मक अध्याय थपिने खतरा रहन्छ।

यसकारण एमाले नेतृत्व र युवा संघले यस फोर्सको कार्यक्षेत्र, जिम्मेवारी र सीमारेखा स्पष्ट पार्न जरुरी छ। युवा केवल पार्टीका नारा चिच्याउने भीड होइनन्, उनीहरू देशका भविष्य निर्माता हुन्—यो दृष्टिकोणले मात्र यस्तो फोर्सले सकारात्मक प्रभाव पार्न सक्छ।

# स्वच्छ ऊर्जा क्षेत्रको उपलब्धि र अबको बाटो



नवराज ढकाल

नेपालमा वैकल्पिक तथा नवीकरणीय ऊर्जाका स्रोत र प्रविधिहरुलाई प्रवर्द्धन गरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने घरपरिवारको जीवनस्तरमा सुधार ल्याउने र परम्परागत ऊर्जामाथिको निर्भरतालाई कम गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अन्तर्गत २०५३ साल कात्तिक १८ गते वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको स्थापना भएको हो । वैकल्पिक ऊर्जा विकास समिति (गठन), आदेश २०५३ को सातौं संशोधनबाट केन्द्रको काम, कर्तव्य र अधिकारमा तीनवटा कार्य क्षेत्र थप भएका छन् ।

यसअन्तर्गत नेपाल सरकार, विदेशी सरकार वा राष्ट्रिय वा अन्तरराष्ट्रिय सङ्घसंस्थाबाट प्राप्त स्रोतसाधनका आधारमा तयार गरिने वैकल्पिक ऊर्जा तथा ऊर्जा दक्षता विकास कार्यक्रमहरु प्रदेश र स्थानीय तहसम्म प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, गराउने, नवीकरणीय ऊर्जासम्बन्धी जलवायु परिवर्तन तथा कार्बन उत्सर्जन न्यूनीकरणसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने तथा ऊर्जा दक्षतासम्बन्धी कार्यहरु गर्ने रहेका छन् ।

हाल ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयअन्तर्गत रहेको यस केन्द्रले स्थापनाकालदेखि नै यस क्षेत्रमा सरकारको प्रमुख निकायका रुपमा नेपाल सरकार तथा विभिन्न विकास साझेदारहरुको सहयोग तथा प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र र गैरसरकारी संस्थासँगको सहकार्यमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दै स्वच्छ ऊर्जामा सर्वसाधारण जनताको पहुँच बढाउन र ऊर्जा दक्षताको अवलम्बन गर्न आर्थिक तथा प्राविधिक सहयोग परिचालन गर्दै आइरहेको छ ।

केन्द्रको स्थापनाकालदेखि आव २०८१/८२ को अन्त्यसम्मको भौतिक प्रगति विवरणलाई हेर्दा केन्द्रको सहयोगमा ४० हजार ६५५ किलोवाट लघु तथा साना जलविद्युत् आयोजना, ११ हजार १०४ सुधारिएको पानीघट्ट जडान, १० लाख ७८९ घरेलु सौर्य विद्युत् प्रणाली, चार हजार ५४० संस्थागत सौर्य विद्युत् प्रणाली, तीन हजार ४७५ किलोवाट पिक सौर्य मिनिग्रिड, सौर्य वायु मिनिग्रिड जडान, ३० हजार ९३९ किलोवाट पिक सौर्य रुफटप, दुई हजार ४६४ सौर्य ड्रायर तथा कुकर जडान, चार हजार २८० सौर्य खानेपानी तथा सिँचाइ पम्प, एक लाख ५६ हजार ५३१ फलामे सुधारिएको चुलो, ३३ वटा संस्थागत ग्यासिफायर, ८२ हजार ४८५ विद्युतीय चुलो, चार लाख ५६ हजार ७६६ घरायसी बायोग्यास, १४ लाख २३ हजार २४२ सुधारिएको माटोको चुलो, ३७८ संस्थागत, सहरी तथा व्यावसायिक बायोग्यास, १७६६ ऊर्जाको उत्पादनमूलक परिप्रयोग, तीन हजार ३०९ सौर्य सडक बत्ती र चार हजार ८६५ मठमन्दिर तथा होमस्टेमा सौर्य ऊर्जा जडान सम्पन्न भएका छन् ।

आव २०८१/८२ मा मात्र केन्द्रको सहयोगमा ४०२ किलोवाट लघु तथा साना जलविद्युत् आयोजना, चार हजार १४२ घरेलु सौर्य प्रणाली, ३७८ किलोवाट पिक सौर्य मिनीगिड आयोजना, १२ हजार ६८६ सौर्य रुफटप प्रणाली, १०७ मठमन्दिर तथा होमस्टेमा सौर्य ऊर्जा जडान, ५८९ सौर्य खानेपानी तथा सिँचाइ परियोजना, २०८ संस्थागत सौर्य विद्युत् प्रणाली, २३ हजार १०० विद्युतीय चुलो, २४ हजार ३२० फलामे सुधारिएको चुलो, चार हजार ३८६ घरायसी बायोग्यास प्लान्ट र नौ वटा ठूला क्षमताका बायोग्यास परियोजना सम्पन्न भएका छन् ।

यसैगरी नवीकरणीय ऊर्जा प्रविधिका प्रवर्द्धनमार्फत एक लाख २६ हजार ९१४ मेट्रिक टन कार्बन उत्सर्जन न्यूनीकरण गरी कार्बन व्यापारमार्फत छ लाख ६० हजार अमेरिकी डलर (करिब नौ करोड २४ लाख) आम्दानी भएको छ । स्वच्छ विकास संयन्त्रअन्तर्गत आठवटा आयोजनाबाट हालसम्म कुल ६६ लाख ८० हजार मेट्रिक टन कार्बन उत्सर्जन घटाई कार्बन व्यापार मार्फत करीब ३६.०११ मिलियन अमेरिकी डलर (करीब पाँच अर्ब चार करोड) आम्दानी भइसकेको छभने यी कार्बन परियोजनाको सञ्चालनबाट भविष्यमा थप आम्दानी हुने सुनिश्चित भएको छ । साथै, नवीकरणीय ऊर्जासम्बन्धी विभिन्न अध्ययन, अनुसन्धान तथा विकास, प्रदेश सरकार र स्थानीय तहको क्षमता अभिवृद्धिसम्बन्धी क्रियाकलापहरुलगायतका क्रियाकलापहरु समेत गत आर्थिक वर्षमा सम्पन्न भएका छन् ।

हरित जलवायु कोषको सहयोगमा तराईका २२ जिल्लाका १५० स्थानीय तहमा खाना पकाउने स्वच्छ ऊर्जासम्बन्धी कार्यक्रम कार्यान्वयन भइरहेको छ, यसअन्तर्गत पाँच वर्षभित्र पाँच लाख विद्युतीय चुलो, चार लाख ९० हजार सुधारिएको चुलो र १० हजार घरायसी बायोग्यास प्लान्ट जडान गर्ने लक्ष्य रहेको छ जसबाट १० लाख घरधुरी लाभान्वित हुने छन् ।

त्यसैगरी हरित जलवायु कोषसम्बन्धी क्षमता विकास र तयारी (रेडिनेस) कार्यक्रम कार्यान्वयनअन्तर्गत सम्बन्धित सरोकारवालाहरुलाई लक्षित गरी तयार गरिएको क्षमता अभिवृद्धिका क्रियाकलापहरु सम्पन्न गरिएको छ ।

केन्द्रले हालसम्म देशको समग्रमा करिब ३७ लाख घरधुरीमा स्वच्छ नवीकरणीय ऊर्जा प्रविधिको सेवा पुर्‍याएको छ । कुल विद्युत् पहुँचमा नवीकरणीय ऊर्जा प्रविधिको हिस्सा करिब ८.५ प्रतिशत रहेको छ । विद्युत् पहुँच विस्तार र खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको क्षेत्रमा केन्द्रले विशेष जोड दिँदै आएको छ । नवीकरणीय ऊर्जाको क्षेत्रमा ५०० भन्दा बढी कम्पनीहरु क्रियाशील रहेका छन् जसबाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा ४० हजारभन्दा बढी रोजगारी सिर्जना भएको छ ।

केन्द्रले नेपाल नवीकरणीय ऊर्जा कार्यक्रम, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम, दक्षिण एसियाली उपक्षेत्रीय आर्थिक सहयोग (अफग्रिड कम्पोनेन्ट) कार्यक्रम, ग्रामीण जीविकोपार्जनका लागि नवीकरणीय ऊर्जा कार्यक्रम, मिनिग्रिड ऊर्जा पहुँच कार्यक्रम, ग्रामीण तथा अर्धसहरी क्षेत्रका लागि सौर्य ऊर्जा प्रवर्द्धन कार्यक्रम, आर्थिक विकासका लागि सौर्य ऊर्जा प्रवर्द्धन कार्यक्रम, लघु जलविद्युत् कर्जा कोष, बायोग्यास कर्जा कोषजस्ता कार्यक्रमहरुमा विकास साझेदारहरुसंग सहकार्य गरी सबैलाई आधुनिक ऊर्जाको पहुँच, विकेन्द्रीकृत नवीकरणीय ऊर्जा प्रणाली तथा ऊर्जा दक्षता अवलम्बनमार्फत ऊर्जा प्रणालीलाई दिगो, भरपर्दो र उत्थानशील बनाउनाका साथै नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको विकास र विस्तारका लागि प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गरी देशको समग्र ऊर्जा रुपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।

केन्द्रअन्तर्गत रहेको केन्द्रीय नवीकरणीय ऊर्जा कोषले केन्द्रको वित्तीय संयन्त्रका रुपमा मिश्रित वित्तको सिद्धान्तमा आधारित रही अनुदान, भायबिलिटी ग्याप फन्डिङ र कर्जा प्रवाह गर्दै आइरहेको छ । कोषअन्तर्गत रहेको दिगो ऊर्जा च्यालेञ्ज फन्डले नवीनतम वित्तीय संयन्त्रका रुपमा निजी क्षेत्रद्वारा विकास गरिने दिगो ऊर्जा परियोजनाहरुमा भायबिलिटी ग्याप फन्डिङ र प्राविधिक सहायता प्रदान गर्दै आएको छ । दिगो ऊर्जा च्यालेञ्ज फन्डअन्तर्गतका परियोजनाहरुमा बेलायत सरकारले नेपाल नवीकरणीय ऊर्जा

बाँकी ३ पृष्ठमा

# आवश्यक टेलिफोन नम्बरहरू

## एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

## प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

## अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

## महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# २०३० सम्म इतिहास बन्नेछन् दैनिक प्रयोगका यी ५ प्रविधि



काठमाडौं । विज्ञान प्रविधिको दौड यतिधेरै तिव्र छ कि वर्तमानमा दैनिक जिवनको अभिन्न हिस्साजस्तै रहेका लोकप्रिय प्रविधि तथा उपकरणहरु निकट भविष्यमै प्रयोगहीन हुन्छन् र इतिहास बन्दछन्।

आज हामीले यस्ता ५ वटा प्रविधि तथा उपकरणको बारेमा बताउँदैछौं जो सन् २०३० सम्म लोप हुने र इतिहासको पानामा सीमित हुने सम्भावना छ ।

१. पेनड्राइभ र मेमोरी कार्ड: क्लाउड स्टोरेज तथा उच्चगतिको इन्टरनेटको वर्तमान युगमा युएसबी ड्राइभ तथा मेमोरी कार्डहरु विस्तारै अप्रासंगिक बन्दै गएका छन् । डेटा ट्रान्सफर पूर्णरुपमा अनलाइनमा आधारित बन्दै जाँदा र क्लाउडमा डेटा स्टोरेज सहज र सुलभ बनिरहेको हुनाले सन् २०३० सम्ममा डेटा ट्रान्सफर तथा स्टोरेजका लागि प्रयोग हुने युएसबी ड्राइभ तथा मेमोरी कार्डजस्ता भौतिक उपकरणको अस्तित्व समाप्त हुनसक्नेछ।


२. टेलिभिजनको रिमोट कन्ट्रोल: टेलिभिजनमा स्मार्ट प्रविधिको विस्तार भईरहँदा अब टिभी चलाउनका लागि रिमोट चाहिँदैन र केवल ज्भथ न्ययनभि वा ब्भिहब भनेर बोलेमात्रै पुग्ने भएको छ । निकट भविष्यमा स्मार्ट असिस्टेन्ट र मोबाइल एपले पारम्परिक रिमोट कन्ट्रोललाई विस्थापित गर्ने पक्का छ।

३. पासवर्ड सिस्टम: आफ्ना अकाउन्टहरुको पासवर्ड सम्झिरहनुपर्ने कुरा अब पूरानो जमानाको विषय बन्दैछ । फेस रिकगिनसन तथा फिंगरप्रिन्ट स्क्यानिंगजस्ता बायोमेट्रिक स्मार्ट प्रविधिले सन् २०३० सम्ममा पूर्णरुपमा पासवर्ड सिस्टमको ठाउँ लिने सम्भावना छ।

४. डेबिट तथा क्रेडिट कार्ड: डिजिटल वालेट तथा अनलाइन भुक्तानीको बढ्दो चलनसँगै प्लास्टिकका डेबिट कार्ड तथा क्रेडिट कार्डको प्रयोग घट्दै गएको छ र भविष्यमा कारेबारका लागि यस्ता भौतिक कार्डहरुको प्रयोग शून्य हुने निश्चित छ ।

५. तारयुक्त इयरफोन: ब्लूटुथ तथा वायरलेस इयरबडले पारम्परिक तारयुक्त इयरफोनलाई पछि पारिसकेको छ । एप्पल लगायतका कैयन् कम्पनीहरुले त तारयुक्त इयरफोन समाप्त पारिसकेका छन् । अबको केही वर्षमै तारयुक्त इयरफोन बजारबाट पूर्णरुपमा लोप हुने पक्का छ । एजेन्सीको सहयोगमा

# प्रविधि उद्योगका ९ जना विश्वकै अर्बपति सूचीमा



काठमाडौं । विश्वका अर्बपतिहरुको सम्पत्तिको रियल टाइम जानकारी र सम्पत्तिको लेखाजोखा गर्ने सूचकांक ब्लुम्बर्ग बिलेनियर इन्डेक्स अनुसार विश्वका सबैभन्दा धनी १० व्यक्तिमध्ये ९ जना प्रविधि उद्योगका अर्बपति छन् । विश्वका टपटेन अर्बपति त्यसमध्ये प्रविधि उद्योगका शीर्ष जनाको सूची यस्तो छ:

१. ***एलन मस्क:*** स्पेस एक्स, टेस्ला तथा एक्स कम्पनीका मालिक एलन मस्कको कूल सम्पत्ति ४ खर्ब ७२ अर्ब डलर रहेको छ । उनी विश्वका सबैभन्दा धनी व्यक्ति हुन् ।

२. ***ल्यारी एलिसन:*** अमेरिकी प्रविधि कम्पनी ओरेकलका संस्थापक एलिसन कूल सम्पत्ति ३ खर्ब ४२ अर्ब डलर सहित ब्लुम्बर्ग बिलेनियर इन्डेक्सको दोश्रो स्थानमा छन् ।

३. **मार्क जुकरबर्ग:** फेसबुकका संस्थापक तथा मेटाका सिइओ जुकरबर्गको कूल सम्पत्ति २ खर्ब ६४ अर्ब छ । उनी प्रविधि क्षेत्रका अर्बपतिहरुको सूचीमा तेश्रो स्थानमा छन् ।

४. जेफ बेजोस: विश्वकै ठूलो इ कमर्श कम्पनी अमेजनका संस्थापक बेजोस विश्वका धनाढ्यहरुको सूचीमा चौथो स्थानमा रहेका छन् । उनको कूल सम्पत्ति २ खर्ब ५२ अर्ब छ ।

५. **ल्यारी पेज:** ब्लुम्बर्ग बिलेनियर इन्डेक्सको सूचीमा पाँचौं स्थानमा ल्यारी पेज रहेका छन् । गुगलका सह सस्थापक ल्यारी पेजको कूल सम्पत्ति २ खर्ब ३३ अर्ब डलर रहेको छ ।

६. **सेर्गेइ ब्रिन:** गुगलका अर्का संस्थापक ब्रिनको कूल सम्पत्ति २ खर्ब १८ अर्ब डलर रहेको छ । उनी ब्लूम्बर्ग बिलेनियर इन्डेक्सको छैटौं स्थानमा छन् ।

७. **बर्नार्ड अर्नल्ट :** फ्रेन्च अर्बपति अर्नल्ट ब्लुम्बर्ग बिलेनियर इन्डेक्सको टपटेनभित्र पर्न सफल एकमात्र त्यस्ता व्यक्ति हुन् जो प्रविधि उद्योगसँग सम्बन्धित छैनन् । विश्वका अर्बपतिको सूचीमा सातौं स्थानमा रहेका उनको कूल सम्पत्ति १ खर्ब ९७ अर्ब डलर रहेको छ । उनी विलासिताका वस्तु उत्पादन गर्ने कम्पनी एलभिएमएसका सिइओ हुन् ।

८. **स्टिभ बाल्मर :** विश्वको सबैभन्दा ठूलो कम्प्युटर सफ्टवेयर कम्पनी माइक्रोसफ्टका पूर्व सिइओ रहेका बाल्मर अर्बपतिको सूचीमा ८ औं नम्बरमा छन् । उनको कूल् सम्पत्ति १ खर्ब ८६ अर्ब डलर रहेको छ ।

९. **जेन्सेन हुआंग :** चिपमेकर कम्पनी एनभिडियाका सिइओ हुआंग कूल १ खर्ब ७४ अर्ब डलर सम्पत्ति सहित अर्बपतिको सूचीमा नवौं स्थानमा छन् ।

## स्वच्छ ऊर्जा......

कार्यक्रममार्फत सहयोग पुऱ्याउँदै आइरहेकामा पछिल्लो समयमा जर्मन विकास सहयोग र युरोपियन युनियनको सहयोगमा जिआइजेडद्वारा सञ्चालित नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम र केएफडब्लुको सहयोगमा सञ्चालित ग्रामीण तथा अर्धसहरी क्षेत्रका लागि सौर्य ऊर्जा प्रवर्द्धन कार्यक्रमले समेत सहयोग प्रदान गर्दै आएकाले यस क्षेत्रलाई थप विस्तार गर्न सघाउ पुगेको छ ।

नेपालमा वार्षिक सोलार रेडिएसन प्रतिवर्गमिटर एक हजार ६०० देखि दुई हजार किलोवाट घण्टा रहेको छ । देशको अधिकांश ऊर्जा खपत तापीय ऊर्जा (काठ दाउरा, कोइला, एलपिजी, आयातित इन्धन) मा आधारित छ, जसको प्रयोगले कार्बन उत्सर्जन वृद्धि भई वातावरणीय प्रदूषण निम्त्याइरहेको छ । नेपालको कूल ऊर्जा उपभोगमा ५० प्रतिशत हिस्सा तापीय ऊर्जा रहेको पाइन्छ । सौर्य तापीय ऊर्जा प्रणाली सूर्यबाट प्राप्त तापमा आधारित छ, जसको प्रयोग घरायसी, व्यावसायिक र औद्योगिक स्तरमा गर्न सकिन्छ र यसबाट विद्युत् एवं खनिज इन्धनमाथिको निर्भरतालाई कम गर्न सकिन्छ ।

सन् २०४५ सम्म खुद शून्य उत्सर्जनको लक्ष्य हासिल गर्न परम्परागत तथा खनिज इन्धनमा आधारित तापीय ऊर्जालाई नवीकरणीय ऊर्जाले प्रतिस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ । यसै तथ्यलाई मनन गर्दै यस केन्द्र र इसिमोडको संयुक्त पहलमा "सौर्य तापीय मार्गचित्र तथा कार्यान्वयन योजना, २०८२ तयार गरिएको छ । यस मार्गचित्रको मुख्य उद्देश्य घरायसी, व्यावसायिक तथा औद्योगिक प्रयोगजनको लागि सौर्य तापीय ऊर्जाको प्रयोगमा वृद्धि गर्नु रहेको छ । मार्गचित्रले सन् २०४५ सम्ममा घरायसी प्रयोगको लागि एक हजार ३५४ मेगावाट र औद्योगिक उपयोगको लागि २९ मेगावाट बराबरको थर्मल प्लान्ट स्थापना गर्ने लक्ष्य लिएको छ ।

हाल ९९ प्रतिशत विद्युतीकरण भएको परिप्रेक्ष्यमा पनि पूर्ण विद्युतीकरणका लागि लघु तथा साना जलविद्युत र सौर्य ऊर्जाको विस्तार गर्न, राष्ट्रिय प्रसारण लाइन पुगेका स्थानमा रहेका लघु तथा साना जलविद्युत्लाई राष्ट्रिय प्रसारण लाइनमा जोड्न, विपद्बाट क्षति भएका आयोजनाको पुनर्निर्माण र पुनर्स्थापना गर्न, ऊर्जा सम्मिश्रणका लागि सौर्य तथा वायु ऊर्जालगायतका नवीकरणीय ऊर्जाको विकास र विस्तार गर्न तथा घरायसी र औद्योगिक क्षेत्रमा ऊर्जा दक्षताका कार्यक्रम विस्तार गर्न अति आवश्यक देखिन्छ ।

विद्युत् पहुँच पुग्न बाँकी भौगोलिक क्षेत्र तथा घरधुरीहरुमा विद्युत् पहुँच पुऱ्याउन मन्त्रालय, नेपाल विद्युत प्राधिकरण र केन्द्रले पूर्ण विद्युतीकरणका लागि एकीकृत कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ । यसअन्तर्गत विद्युत् पहुँच पुग्न बाँकी धरधुरीमा विद्युत् पहुँच पुऱ्याउन नेपाल विद्युत् प्राधिकरण र केन्द्रले क्षेत्रगत जिम्मेवारीसहित तयार गरिएको संयुक्त कार्ययोजनाबमोजिम कार्य अघि बढिरहेको छ । सम्बन्धित पालिका र नेपाल विद्युत् प्राधिकरणको विद्युत पहुँच तथ्याङ्कबीच सामाञ्जस्यता बनाउन विद्युत् पहुँच पुग्न बाँकी घरधुरीहरुको विवरण अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ । केन्द्रले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको एउटा विशिष्ट अङ्गका रुपमा सेवा पुऱ्याउने र विद्युतीय ऊर्जाको खपत वृद्धि गरी स्वच्छ ऊर्जा रुपान्तरणको क्षेत्रमा विशेष ध्यान पुऱ्याई आयातित खनिज ऊर्जाको विस्थापन गर्ने, वैदेशिक मुद्रा सञ्चित गर्ने कार्यमा सहयोगी भूमिका निर्वाह गरिरहेको छ ।

नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी क्रियाकलापहरु सरकारको प्राथमिकतामा पर्नु, आवधिक योजनाहरुमा कुल ऊर्जा सम्मिश्रणमा नवीकरणीय ऊर्जाको हिस्सा वृद्धि गर्ने लक्ष्य लिइनु, विश्वव्यापी जलवायु सङ्कट न्यूनीकरणका लागि विकास साझेदारहरुले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको क्षेत्रमा गरिने सहयोगलाई निरन्तरता दिनु यस क्षेत्रका अवसरका रुपमा रहेका छन् । स्वदेशमा नै रोजगारी सृजना गर्ने, युवाहरुलाई विदेशिनबाट रोक्ने कार्यमा स्थानीय प्रविधि बायोग्यास, लघु तथा साना जलविद्युत् उद्यमी, सुधारिएको चुलो निर्माण गर्ने, सौर्य ऊर्जाका काम गर्ने विभिन्न तहका प्राविधिक, साना लगानीकर्ता संरक्षण र प्रवर्द्धनको लागि यस क्षेत्रमा नयाँ कार्यक्रमहरु तथा थप बजेटको व्यवस्था गर्नु आवश्यक देखिन्छ । त्यसैगरी नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई सङ्घीय संसदबाट स्वीकृत गरी ऐनको रुप दिने कार्य सम्पन्न गर्नुपर्ने आवश्यकता रहेको छ । त्यसैगरी विभिन्न विकास साझेदारको सहयोगमा सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारको प्रतिबद्धता अनुरुपको समपुरक कोष उपलब्ध हुनुपर्ने, पूर्ण विद्युतीकरण, खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको विस्तार, पुराना तथा विपद्बाट क्षति भएका लघु तथा साना जलविद्युत्, सौर्य मिनीग्रिडलगायतका आयोजनाको पुनःस्थापना र राष्ट्रिय प्रसारण लाइन पुगेका स्थानमा राष्ट्रिय प्रसारण लाइनमा जोड्न बजेट व्यवस्थापन गर्नुपर्ने जस्ता कार्यहरुलाई प्राथमिकताका साथ अगाडि बढाउनु आवश्यक रहेको छ । नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताको प्रवर्द्धनको माध्यमबाट केन्द्रलाई आगामी दिनमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता क्षेत्रको विशिष्ठता केन्द्रको रुपमा विकास गर्ने कार्यमा केन्द्रको प्रतिबद्धता रही आएको छ । (

*लेखक वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रका कार्यकारी निर्देशक हुनुहुन्छ)रासस*

# वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनुपर्छः प्रधानमन्त्री कार्की

काठमाडौँ, १८ कात्तिक । प्रधानमन्त्री सुशीला कार्कीले वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनाका साथै यसलाई निःशुल्क गर्नेतर्फ नीतिगत पहलकदमी आवश्यक भएको बताउनुभएको छ।

वैदेशिक रोजगार बोर्डको १८औँ स्थापना दिवसका अवसरमा आज यहाँ आयोजित कार्यक्रममा उहाँले वैदेशिक रोजगारीलाई पारदर्शी, सम्मानजनक बनाउन अपरिहार्य भएको बताउनुभयो।

उहाँले वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको परिवारमा सम्मानजनक एकीकरण तथा सामाजिक सुरक्षा सुनिश्चित गर्नेतर्फ अग्रसर हुन बोर्डलाई निर्देशन दिनुभयो।

श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री एवं बोर्डको अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री कार्कीले वैदेशिक रोजगारीमा जानेहरूलाई सीप सिकाएर दक्ष बनाउनुपर्नेमा जोड दिनुभयो ।



उहाँले वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नीति सरकारले अवलम्बन गरेको बताउनुभयो।

"वैदेशिक रोजगारीमा उत्पन्न हुने समस्या समाधानका लागि बोर्डले सुरु गरेको 'कल सेन्टर' र 'टेलिमेडिसिन' सेवा श्रमिक हितका दृष्टिले उपयोगी देखिएका छन्", उहाँले भन्नुभयो, "यसैगरी सबै कल्याणकारी सेवा पूर्णरूपमा अनलाइन प्रणालीमार्फत उपलब्ध गराएर सेवाग्राहीको पहुँच बढाउन बोर्डले चालेका कदम प्रशंसनीय छन्।"

प्रधानमन्त्री कार्कीले अब वैदेशिक रोजगारीको विकल्पस्वरूप स्वदेशमा नै सम्मानजनक रोजगारीका अवसरहरू सृजना गर्न, सीपमा आधारित उद्यम र पुनः एकीकरणका कार्यक्रमहरूलाई विस्तार गर्न प्राथमिकता दिनुपर्ने बताउनुभयो। उहाँले त्यसका लागि श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई कार्ययोजना तयार गरेर तदनुरूप काम गर्न निर्देशन दिनुभयो। रासस

# जनार्दन शर्मा र राम कार्कीको नेतृत्वमा प्रगतिशील अभियान सुरुआत



दैनिक समाचारदाता

ललितपुर, १८ कात्तिक । 'विद्रोह जायज छ, विद्रोह अधिकार हो' भन्ने नारासहित माओवादी केन्द्रका पूर्वमहासचिव जनार्दन शर्मा र पूर्वसचिव राम कार्कीले समाजवादी ऐक्यबद्धताको आह्वानसहित प्रगतिशील अभियानको सुरुआत भएको घोषणा गर्नुभएको छ ।

प्रगतिशील अभियानले नेपालमा दशकौँदेखि चल्दै आएका जनआन्दोलन, जनयुद्ध र जनविद्रोहका सहिदहरूलाई श्रद्धाञ्जली अर्पण गर्दै, देशलाई नयाँ समाजवादी दिशातर्फ उन्मुख गराउन सबै प्रगतिशील शक्तिहरू एकजुट गराउने विश्वास व्यक्त गर्नुभएको छ ।

पत्रकार सम्मेलनमा पूर्वअर्थमन्त्री तथा नेकपा (माओवादी केन्द्र) का पूर्वउपमहासचिव जनार्दन शर्माले भन्नुभयो, "विद्रोह हरेक पीडित, उत्पीडित र बेवास्ता गरिएको जनताको अधिकार हो । आजको आवश्यकता पुराना गल्तीबाट सिक्दै समाजवादी ऐक्यबद्धतामा नयाँ बाटो खोज्ने हो ।"

उहाँले माओवादी आन्दोलन र शान्ति प्रक्रियामा प्रवेशलाई ऐतिहासिक मोड बताउँदै भन्नुभयो, "क्रान्तिको मर्म र सहिदहरूको बलिदानलाई व्यर्थ जान नदिई समाजवादी राजनीति र जनताको सर्वोच्चतामा आधारित नयाँ दिशा तय गर्नुपर्छ ।"

त्यसैगरी, माओवादी केन्द्रका पूर्वसचिव राम कार्कीले नेपाली कम्युनिष्ट आन्दोलनभित्रको गुटबन्दी, व्यक्तिवाद र अवसरवादले आन्दोलन कमजोर बनाएको बताउनुभयो । उहाँले भन्नुभयो, "नेपालको वाम आन्दोलनले जनताको अपार विश्वास पाएको थियो, तर नेताहरूले जनताप्रति जवाफदेही बन्न नसक्दा त्यो ऊर्जा निराशामा परिणत भयो । अब वैचारिक शुद्धता, आत्मसमीक्षा र सङ्गठनात्मक नवजीवनमार्फत नयाँ समाजवादी आन्दोलन खडा गर्नैपर्छ ।"

# सात जनाविरुद्ध भ्रष्टाचार मुद्दा

दैनिक समचारदाता

सप्तरी, १८ कात्तिक । सप्तरीको महदेवा गाउँपालिकामा कृषि सडक निर्माणमा अनियमितता भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एक कम्पनीसहित सात जना उपर विशेष अदालतमा आरोप-पत्र दायर गरेको छ।

गाउँपालिकाको वडा नम्बर २ स्थित दोमुहान डगरदेखि पश्चिम खाडो नदी हुँदै भिमबाँधसम्मको कृषि सडक निर्माण कार्यमा अनियमितता भएको भन्दै अख्तियारले मंगलबार विशेष अदालतमा आरोपपत्र दायर गरेको हो।

कृषि विकास निर्देशनालय नक्टाझिज, धनुषाका कार्यालय प्रमुख रत्नकुमार झा, कृषि अर्थ विज्ञ योजना प्रमुख विकास कुमार साह, लेखा अधिकृत चक्रप्रसाद अधिकारी उपर आरोपपत्र दायर गरिएको हो।

यसैगरी कृषि सडक निर्माण उपभोक्ता समिति महादेवा वडा नम्बर २, कजौली, सप्तरीका अध्यक्ष हरिनारायण यादव, सचिव गगांराम यादव र कोषाध्यक्ष सावित्री देवी यादव, कृषि विकास निर्देशनालय, नक्टाझिज, धनुषाका परामर्शदाता किरु इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रालि र सो प्रालिका प्रोप्राइटर हरिशकुमार सिंह उपर आरोपपत्र दायर गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले विज्ञप्तिमार्फत् जनाउनुभएको हो।

आर्थिक वर्ष २०७७-०७८ मा कृषि सडक निर्माणका लागि कृषि विकास निर्देशनालय धनुषाको नेपाल सरकारबाट प्राप्त २३ लाख ५२ हजार स्वीकृत भएको र सम्झौताको शर्त र मापदण्ड अनुसार काम नभए पनि प्राविधिकको प्रतिवेदन, नापी किताब, रनिङ्ग विल, कार्य सम्पन्न प्रतिवेदनको आधारमा कृषि विकास निर्देशनालय धनुषाले उपभोक्ता समितिको नाममा मिति २०७८ असार २१ गतेमा १८ लाख २२ हजार छ सय एक रुपियाँ भुक्तानी दिएको थियो।

# बर्दिबासमा लागु औषधसहित तीन जना पक्राउ

दैनिक समाचारदाता

महोत्तरी, १८ कात्तिक । प्रहरीले बर्दिबास र लालगढका छुट्टाछुट्टै स्थानबाट ४१ बोतल प्रतिबन्धित लागु औषधसहित तीन जनालाई पक्राउ गरेको छ।

लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट खटिएको प्रहरी टोलीले हिजो सोमबार साँझ विशेष सूचनाको आधारमा सञ्चालन गरेको तलासीका क्रममा उनीहरूलाई नियन्त्रणमा लिएको हो।

ब्युरो प्रमुख प्रहरी नायब निरीक्षक सरोजकुमार अधिकारीको नेतृत्वमा खटिएको संयुक्त प्रहरी टोलीले सुरुमा लालगढबाट सर्चअप्रेसन सुरु गरेको थियो। साँझ करिब ५ बजेतिर लालगढस्थित मोडेल अस्पताल पछाडिको कच्ची सडकमा तलासी लिदा ज १२ प



३१२९ नम्बरको मोटरसाइकल चलाइरहेका मिथिला नगरपालिका-८, जमुनीबासका १८ वर्षीय रितेसकुमार महतोको साथबाट ओनेरेक्स सिरप १५ बोतल बरामद गरेको थियो। ब्युरो प्रमुख अधिकारीका अनुसार मोटरसाइकलको लेगार्डमा झुण्याइएको झोलाभित्र लुकाइएको अवस्थामा उक्त लागुऔषध फेला परेको हो।

लगत्तै प्राप्त अर्को सूचनाको आधारमा ब्युरो प्रमुख अधिकारी नेतृत्वकै टोलीले साँझ करिब ७ बजे बर्दिबास नगरपालिका-८, हाथीलेट प्रहरी चौकी अगाडि निगरानी बढाएको थियो।

लालगढमा पक्राउ परेका रितेशलाई इलाका प्रहरी ढल्केबरमा र राजेश तथा रोहितलाई अनुसन्धान कारबाहीका लागि इलाका प्रहरी बर्दिबासमा बुझाएको ब्युरो प्रमुख अधिकारीले बताउनुभयो।

# स्रोत नखुलेको २३ लाखसहित दुई जना सप्तरीमा पक्राउ

राजविराज, १८ कात्तिक । सप्तरी प्रहरीले स्रोत नखुलेको ठूलो परिमाणको रकमसहित दुई जनालाई पक्राउ गरेको छ।

नगरपालिका-२, भेडिया नजिक गाईघाट-कदमाहा सडकखण्डमा प्रहरीले आइतबार राति चेकजाँचका क्रममा उनीहरूलाई नियन्त्रणमा लिएको हो।

प्रहरी निरीक्षकको कमाण्डमा खटिएको टोलीले सप्तरीको दक्षिण कदमाहाबाट उत्तर गाईघाटतर्फ जाँदै गरेको ब.प्र. ०१-०२८ च ५००८ नम्बरको सेतो टोयोटा हाईलेक्स गाडी रोकेर जाँच गर्दा गाडीभित्र दुई जना सवार भेटिएका थिए।

पक्राउ पर्नेमा झापा दमक नगरपालिका-५ का २७ वर्षीय किरण सिटौला र सोही गाडीमा सवार १८ वर्षीय धिरज प्रसाई छन्।

उनीहरूको साथबाट २३ लाख नगद सहित विभिन्न सामग्रीहरू बरामद भएको प्रहरीले जनाएको छ। बरामद रकममा एक हजार दरका एक हजार ३९९ थान र पाँच सय दरका एक हजार ८०२ थान नोट छन्।

त्यसका अतिरिक्त गाडीभित्रबाट टेकोन पम्प एक सय थान, टीएनइएच ब्याट्री ३४ थान, लिथियन ब्याट्री एक थान, ई-रिक्सा मोटर तीन थान, स्कुटर ब्याट्री चार्जर सात थान, ब्याट्री टेस्टर एक थान र सानो हर्न स्पिकर एक थान फेला परेको प्रहरीले जनाएको छ।

स्रोत नखुलेको उक्त रकम र सामग्रीसहित पक्राउ परेका दुवै जनामाथि बैंक तथा वित्तीय संस्था सम्बन्धी कसुरअन्तर्गत अनुसन्धान भइरहेको प्रहरी प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिनुभयो।

सप्तरी जिल्ला अदालतबाट उनीहरूलाई थप अनुसन्धानका लागि तीन दिनको म्याद थप गरिएको प्रहरीले जनाएको छ।



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग

जनकपुरधाम, ७४, मधेश प्रदेश

मो.नं.: ९८१९८३५३७४

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४